जि.प्र.का. सप्तरी द.नं. ९९/०४८/०४९  स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३०  अंक २३७  २०७८ साल बैशाख ११ गते शनिबार (24 Apr. 2021 Saturday)  मूल्य रु. ५/-

**२०७५ साल भदौ १ बाट लागू भएको देवानी संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- चौध वर्ष उमेर नपुगेका नावालकले गरेको हानी नोक्सानी वापत निजको बाबु आमाले क्षतिपूर्ति व्यहोर्नु पर्ने,
- पशुले गरेको हानि नोक्सानी वापत पशु धनिले क्षतिपूर्ति व्यहोर्नु पर्ने,
- फोहोर मैला वा कुनै वस्तु फालेको कारणवाट कसैलाई हानि, नोक्सानी भएको हानि, नोक्सानी भएकोमा सम्वन्धित घर मुलीले दायित्व व्यहार्नु पर्ने,
- कसैको सम्पत्तिमा अनधिकृत प्रवेश (ट्रेसपास) गरेको कारणले भएको हानि, नोक्सानी वापत अनधिकृत प्रवेश गर्ने व्यक्तिले दायित्व व्यहोर्नु पर्ने,
- त्रुटिपूर्ण उत्पादन गरी कुनै वस्तु वा सेवा बिक्रि, वितरण गरेको कारण भएको क्षति वापत उत्पादकले दायित्व व्यहोर्नुपर्ने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**Log on : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : देशका सबै जातजातिर ... ३ पृष्ठमा : भूकम्पको ६ वर्षमा... ३ पृष्ठमा : भारतमा २४ घण्टायता ३ लाख ...

## स्वास्थ्य मापदण्ड अपनाउँदै १७ मिनेट मै आदर्श अन्तरजातीय विवाह सम्पन्न




**दैनिक समाचारदाता**
**राजविराज, १० बैशाख ।**

कोरोना माहामारीलाई ध्यानमा राख्दै तथा दाईजो प्रथालाई चुनौती दिदै सप्तरीमा शुक्रबार १७ मिनेट मै एक जोडीको आर्दश अन्तरजातीय विवाह सम्पन्न भएको छ ।

राजविराज ७ स्थित पुर्ण ब्रह्मा कविर उपासक समाज सप्तरीको संयोजनमा जिल्लाको बोदेवर्साईन नगरपालिका ९ देउरी वस्ने २४ वर्षिय हरिनारायण साह र सिरहा नगरपालिका १९ सनहैठा वस्ने २१ वर्षिया अम्बिका कुमारी यादवबीच दाईजोको लेनदेन बिना आर्दश विवाह सम्पन्न भएको हो ।

वेहुला बेहुली दुबै पक्षका गरी ५४ जनाको सहभागितामा आयोजित वैवाहिक समाहरोमा विवाहको विधी स्वरुप रमैनि पाठ गरिएको थियो । १७ मिनेटमै पाठ र बेहुला बेहुलीको हातमा रक्षाको धागो बाँध्ने काम सम्पन्न भएपछि विवाहको कार्यक्रम पनि पुरा भएको संस्थाका संयोजक विवेकानन्द सिहले जानकारी दिए ।

विवाह अवधिभर भारतका चर्चित सन्त रामपालजी महराजको टेलिभिजन मार्फत कथा वाचन र प्रवचन प्रसारण गरिएको थियो ।

स्थानीय सतलोक आश्रममा आयोजित वैवाहिक कार्यक्रममा सहभागीहरुलाई संस्थाकै तर्फबाट चिया विस्कुट खुवाए विदाई

*बाँकी अन्तिम पृष्ठमा*

## छिन्नमस्ता शक्तिपिठमा मास्क अनिवार्य



**दैनिक समाचारदाता**
**राजविराज, १० बैशाख ।**

नेपालकै प्रसिद्ध सप्तरीको छिन्नमस्ता शक्तिपिठमा कोरोना माहामारीलाई मध्यनजर गर्दै दर्शनार्थीलाई मन्दिर परिसरमा आउँदा मास्कको प्रयोग अनिवार्य गरिएको छ ।

शक्तिपिठका पिठाधिश महाकान्त ठाकुरले महामारीलाई ध्यानमा राख्दै मन्दिर दर्शन तथा पूजापाठ गर्न आउने भक्तजन एवं दर्शनार्थीलाई दुई मिटरको सामाजिक दुरी समेत कायम गरी स्वास्थ्य सम्बन्धी नियम पालना गर्न अपील गरेका छन् ।

अहिले कोरोना संक्रमितहरु बढ्दै गईरहेको र देशका अन्य मठ मन्दिरहरुमा बाहिरी भक्तजनलाई निषेधित गरिएकाले छिन्नमस्ता मन्दिरमा आउने भक्तजनलाई स्वास्थ्य मापदण्ड अनुसार पुजा गराउन मन्दिर समितिले अग्रसरता देखाएको उनको भनाई छ ।

तत्कालै मन्दिर समितिद्वारा मुख्यद्वारमै दर्शनार्थीहरुलाई साबुन पानीले हाथ धुने र सेनिटाइजर तथा मास्क बितरण गर्ने व्यवस्था मिलाएको उनले जानकारी दिदै मास्क नलगाउनेलाई मन्दिर प्रवेशमा निषेध गरिने समेत बताए ।

हाललाई समितिले मास्क, सेनिटाइजर र साबुन बितरण गर्ने सुरुवात गरेको बताउँदै पछि दाताहरूले दान दिए निरन्तर बितरण गर्ने जानकारी दिए ।

## कोरोना माहामारीलाई ध्यानमा राख्दै जिप्रका सप्तरीद्वारा कार्य सम्पादनमा फेरबदल

**दैनिक समाचारदाता**
**राजविराज, १० बैशाख ।**

कोभिड-१९ को संक्रमणलाई मध्यनजर गर्दै जिल्ला प्रशासन कार्यालय सप्तरीले संक्रमण फैलिन न्युन गर्न स्वास्थ्य सतर्कता अपाउनका लागि आइतबारदेखी कार्य सम्पादनमा फेरबदल गरेको छ ।

सेवाग्राहीको अत्याधिक भिडभाड हुन थालेपछि प्रशासन कार्यालयले शुक्रवार सूचना जारी गर्दै थप स्वास्थ्य सतर्कतासहितको मापदण्ड कार्यान्वयमा ल्याएको हो ।

कार्यालयले जारि गरेको सूचना अनुसार आईतवार शम्भुनाथ, सुरुङ्गा र डाक्नेश्वरी नगरपालिका, सोमवार रुपनी र तिरहुत गाउँपालिका तथा खडक नगरपालिका, मंगलवार हनुमाननगर कंकालिनी नगरपालिका र महादेवा गाउँपालिकाको कार्य सम्पादन हुनेछ ।

यसैगरी बुधवार तिलाठी कोइलाडी र छिन्नमस्ता

*बाँकी अन्तिम पृष्ठमा*

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
राजविराज, सप्तरी

फोन : ०३१-५२०८३२
०३१-५२०१०४
फ्याक्स :०३१-५२०६२४

प.सं. :२०७७/०७८ (प्रशा.)
च.नं.

**जिल्ला प्रशासन कार्यालय,सप्तरीद्वारा**
मिति २०७८।०१।१२ गतेबाट प्रवाहित हुने
**सेवा सम्बन्धी सूचना**

कोभिड-१९ संक्रमण फैलिने उच्च जोखिम रहेको यस मौजुदा अवस्थामा यस कार्यालयमा सेवा लिन आउने सेवाग्राहीहरुको अत्यधिक भिडभाड लाई व्यवस्थापन गर्न र संक्रमण फैलिने जोखिमलाई न्यून गर्न यस कार्यालय द्वारा प्रवाहीत गरिने सेवाहरु मिति २०७८।०१।१२ गते देखी तपशिलमा उल्लेखित तालिका बमोजिम सेवा प्रवाह गरिने व्यहोरा सम्वन्धित सबैको जानकारीका लागी आदेशानुसार अनुरोध छ ।

| क्र.स. | स्थानीय तह | सेवा प्रवाह गरिने दिन |
|---|---|---|
| १ | शम्भुनाथ नगरपालिका<br>सुरुङ्गा नगरपालिका<br>डाक्नेश्वरी नगरपालिका | आईतबार |
| २ | रुपनी गाउँपालिका<br>खड्क नगरपालिका<br>तिरहुत गाउँपालिका | सोमबार |
| ३ | हनुमाननगर कंकालनी नगरपालिका<br>महदेवा गाउँपालिका | मंगलबार |
| ४ | तिलाठी कोइलाडी गाउँपालिका<br>छिन्नमस्ता गाउँपालिका | बुधबार |
| ५ | राजबिराज नगरपालिका<br>राजगढ गाउँपालिका | बिहीबार |
| ६ | अग्नीसाइर कृष्णासवरन गाउँपालिका<br>बिष्णुपुर गाउँपालिका | शुक्रबार |

पुनश्चः

यस कार्यालयमा सेवा लिन आउनुहुने सेवाग्राहीहरुले अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने, कम्तीमा २ मिटरको सामाजिक दुरी कायम गर्ने लगायतका Health Protocal को पालना गर्नुहुन सबैमा अनुरोध छ ।



# खाली सिलिण्डर भर्न ग्यास उद्योगीको आग्रह

काठमाडौँ, १० वैशाख (रासस) ।

नेपाल एलपी ग्यास उद्योग सङ्घले कोरोना महाकारीका कारण आपूर्ति व्यवस्थामा असहज स्थिति आउन सक्ने भन्दै खाली रहेका सिलिण्डर भर्न उपभोक्तालाई आग्रह गरेको छ ।

सङ्घले शुक्रबार एक सूचना जारी गर्दै उक्त आग्रह गरेको हो । महामारीको समयमा उपभोक्ताले ग्यासको अभाव भोग्नु नपरोस् भनेर पहिलेनै सूचित गराइएको सङ्घका अध्यक्ष गोकुल भण्डारीले जानकारी दिनुभयो ।

छिमेकी भारतलगायत नेपालमा पनि कोरोनाको दोस्रो लहर फैलिएको छ । यसबाट दैनिक उपभोग्य वस्तुको आपूर्तिमा समस्या आउन सक्ने अनुमान गरिएको छ । नेपाल आयल निगमले पनि ग्यासको अभाव हुन नदिनेतर्फ सचेत गराउँदै भण्डारण क्षमताअनुसार मौज्दात राख्न ग्यास उद्योगीलाई पत्र लेखेको छ ।

गतवर्ष कोरोना भाइरस नियन्त्रण गर्न सरकारले आकस्मिकरूपमा 'लकडाउन' गरेसँगै ग्यासको हाहाकार मच्चिएको थियो । आपूर्ति नियमित हुँदा पनि उपभोक्ताले एकैपटक खाली सिलिण्डर भर्न खोज्दा केही दिन वितरणमा समस्या देखिएको थियो । त्यतिबेला निगमको सहयोग र उद्योगीको समन्वयबाट ग्यास वितरणमा देखिएको समस्या समाधान गरिएको थियो ।

"विगतको जस्तै समस्या आम उपभोक्ताले व्यहोर्नु नपरोस् भनेर यसपटक बेलैमा सचेत गराइएको हो", अध्यक्ष भण्डारीले भन्नुभयो । अहिले ग्यास आपूर्तिमा कुनै समस्या नरहेको पनि उहाँले बताउनुभयो ।

हाल नेपालभर दैनिक एक लाख सिलिण्डर ग्यासको माग रहेको छ । ग्यास उद्योगीसँग १५ हजार मेट्रिकटन एलपी ग्यास भण्डारण क्षमता छ । उद्योगीसँग कुल भण्डारणको ८० प्रतिशत एलपी ग्यासको मौज्दात रहेको अध्यक्ष भण्डारीले जानकारी दिनुभयो ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती

Dr. Dinesh Upreti

MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141

कन्सलटेन्ट फिजिसियन

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह

Dr. Parasmani Shah

MBBS (BPKIHS), MD (BPKIHS, Dharan) NMC Reg. No. : 13297

दुखाई विशेषज्ञ

Anaesthesiology & Critical Care Medicine

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# देशका सबै जातजाति र समुदायको खानाको परिकार अध्ययन गर्दै नाथम

काठमाडौँ, १० वैशाख (रासस) ।

नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान (नाथम)ले पर्यटन उद्योगमा सीपयुक्त दक्ष मानव संशाधन उत्पादन गर्ने अग्रणी संस्थाको परिचय बनाउन सफल भएको छ । प्रतिष्ठानले हालसम्म शैक्षिक कार्यक्रमतर्फ दुई हजार तथा विभिन्न समयावधिका तालिममार्फत ५४ हजार जनशक्तिलाई गुणस्तरीय स्वरोजगारमूलक शैक्षिक कार्यक्रम र तालिम प्रदान गरिसकेको छ ।

विस २०२९ चैत १३ गते स्थापना भई त्रिभुवन विश्वविद्यालयसँग सम्बन्धन प्राप्त गरेको प्रतिष्ठानले पर्यटन क्षेत्रको जनशक्ति विकाससम्बन्धी स्नातकोत्तर तहसम्मको अध्ययन, अनुसन्धानका साथै परामर्श सेवासमेत प्रदान गर्दै आएको कार्यकारी निर्देशक दीपककुमार थापाले जानकारी दिनुभयो ।

झापाको विर्तामोड, महोत्तरीको बर्दिवास र बाँकेको नेपालगञ्जमा शाखा विस्तार गरेको प्रतिष्ठानले होटल व्यवस्थापनसम्बन्धी विभिन्न छोटा तथा लामो अवधिका ५० भन्दा बढी विषयमा तालिम र शैक्षिक कार्यक्रम सञ्चालन गरिहेको छ । प्रतिष्ठानले आन्तरिक तथा बाह्य पर्यटकका लागि खाना पकाउने, स्वागत तथा आतिथ्य प्रदान गर्ने, ट्राभल एजेन्सी सञ्चालन गर्ने, टिकट बुकिङ गर्नेलगायत पर्यटन क्षेत्रसँग सम्बन्धित विभिन्न तालिम प्रदान गरिरहेको छ ।

प्रतिष्ठानले हिमाल आरोहण भरिया तालिम, पर्यटक पथप्रदर्शक तालिम, घरबास सञ्चालन तालिम, साना तथा लज व्यवस्थापन तालिम, स्थानीय पथप्रदर्शक, पाहुना आतिथ्य तथा खाना गुणस्तर सुरक्षालगायतका दर्जनौं प्रकारका तालिम प्रदान गर्दै आएको छ । शैक्षिक कार्यक्रमतर्फ प्रत्येक वर्ष ५४० भन्दा बढी विद्यार्थी वार्षिकरूपमा भर्ना भई अध्ययन गरिरहेको बताइएको छ । प्रतिष्ठानबाट हालसम्म उत्पादितमध्ये ९५ प्रतिशत जनशक्ति विश्वबजारमा सहजरूपमा प्रवेश गर्न सफल भएका छन् ।

**९५ प्रतिशत जनशक्ति खाडी र युरोपसहित विश्व बजारमा**

खासगरी मलेशिया, कतार, दुबईलगायतका खाडी मुलुक र युरोपका बजारमा यहाँबाट उत्पादित जनशक्तिले सहजरूपमा रोजगारी प्रात गरिरहेको निर्देशक थापाले जानकारी दिनुभयो । सरकारी भए पनि प्रतिष्ठानले आफ्नो ओज र गरिमालाई स्थापित गर्न सरसफाइ र समयतालिकाअनुसार सबै गतिविधिलाई नियमित र चुस्त तुल्याउँदै आएको छ । प्रतिष्ठानले निकट भविष्यमै केन्द्रमा बीएचएमसम्बन्धी प्रत्येक सेक्सनमा ४० रहने गरी छवटा कक्षा, बिटीटीएम चारवटा कक्षा र एमएचएम एउटा कक्षाको शैक्षिक कार्यक्रम सञ्चालन गर्ने भएको छ ।

विर्तामोड, बर्दिवास र नेपालगञ्जमा पनि बिएचएमका दुई-दुई सेक्सन शैक्षिक कार्यक्रम निकट भविष्यमै चल्ने छ । शैक्षिक कार्यक्रम थप गुणस्तरीय र व्यवस्थित तुल्याउँदै तालिम कार्यक्रम पनि सबै स्थानीय तह र प्रदेशमा विस्तार गर्दै स्वरोजगार हुने प्राविधिक तालिमलाई प्रतिष्ठानले प्राथमिकतामा राख्ने जनाएको छ ।

**नेपाली खानाको सङ्ग्रहालय बनाइँदै**

मुलुकका ७७ जिल्ला, ७५३ स्थानीय तह र सातै प्रदेशका सबै जातजाति र भाषाभाषीका स्थानीय नेपाली खानाका मौलिक परिकारको अनुसन्धान गर्ने कार्यक्रम पनि प्रतिष्ठानले अघि सारेको छ । काठमाडौँ उपत्यकाभित्र नेपाली खानाको फुड बैंक वा सङ्ग्रहालय बनाउने सोच बनाएको प्रतिष्ठानले कोदोको खिरसमेत चखाउने छ । निकट भविष्यमै इ-लाइब्रेरी पनि सञ्चालन गर्दैछ । खाना बनाउने तालिमको व्यावहारिक अभ्यासका क्रममा उत्पादित खानाका परिकार सहुलियत मूल्यमा बेच्ने तयारी गरिरहेको छ ।

**मौलिक कला र संस्कृति प्रवर्द्धन गरौँ**

हाल प्रतिष्ठानमा करिब एक हजार ६०० को सङ्ख्यामा विद्यार्थी शैक्षिक तथा तालिम कार्यक्रममा सहभागी भइरहेका छन् । मुलुकको पर्यटकीय नगरी पोखरामा पर्यटन तालिम केन्द्र, सिन्धुपाल्चोकको बलेफीमा ऱ्याफ्टिङ स्कूल र नुवाकोटको ककनीमा टुरिजम रिसर्च सेन्टर स्थापना गर्ने कार्यमा सहयोग गरिदिन प्रतिष्ठानले संसद् र सरकारसँग आग्रह गरेको छ ।

प्रतिनिधिसभा अन्तर्राष्ट्रिय समितिका सभापति पवित्रा निरौलाले कलेजले हरेक क्रियाकलाप र संरचना निर्माणमा अरुको नक्कल गर्ने नभई मुलुकको कला, संस्कृति, वेशभूषा र रहनसहनलाई प्रवर्द्धन गर्ने उद्देश्यबाट प्रेरित गर्ने खाले हुनुपर्ने धारणा राख्नुभयो । उहाँले भन्नुभयो, "पर्यटन मन्त्रालय मातहतको सुलभ शिक्षा प्रदान गर्दै आएको प्रतिष्ठान नमूना कलेज बनोस् र यसले शिक्षामा अझ राम्रो गुणस्तर कायम गरोस् ।"

प्रतिष्ठान पर्यटन तथा होटल व्यवस्थापनका क्षेत्रमा आवश्यक गुणस्तरीय जनशक्ति उत्पादन गर्ने शैक्षिक संस्थाको सूचीमा पहिलो रोजाइमा पर्दै आएको छ । प्रतिष्ठानले संस्थाको गुरुयोजना बनाउने विषयलाई अबको मुख्य कार्यभारमा राखेको छ ।

**सार्क, बिमस्टेक र चीनका विद्यार्थीलाई लक्षित गर्दै नाथम**

समितिका सदस्य सुरेन्द्र कार्कीले नेपाल बहुजाति, भाषा र धर्म रहेको विविधतायुक्त देश भएकाले हरेक जातीय आतिथ्य र स्वागत गर्ने परम्परागत संस्कृति र शैलीबारे पनि प्रतिष्ठानले अध्ययन र अनुसन्धान गर्न आवश्यक रहेको बताउनुभयो । सरकारलाई प्राप्त हुने वैदेशिक अध्ययन छात्रवृत्तिमा संस्थालाई अवसर प्रदान गर्न, शाखा विस्तारका क्रममा जग्गा प्राप्तिमा सहजीकरण र पूर्वाधार निर्माण सहयोग पुऱ्याउन प्रतिष्ठानका तर्फबाट अनुरोध गरिएको छ ।

अत्याधुनिक सुविधासम्पन्न शैक्षिक इन्स्टिच्युट स्थापना गरी प्रतिष्ठानले पर्यटन र आतिथ्य क्षेत्रको अग्रणी संस्थाका रूपमा विकास गर्ने रणनीति योजना अघि सारेको छ । प्रतिष्ठानले दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क)का सदस्य मुलुक, बिमस्टेक र चीनका विद्यार्थीलाई लक्ष्य गरी अन्तर्राष्ट्रियस्तरको पढाइ सञ्चालन गर्ने सोच बनाएको छ ।

प्रतिष्ठानले अध्ययनका क्रममा विद्यार्थीलाई मुलुकभित्र उपलब्ध हुने 'हाइजेनिक र हेल्दी फुड' बारेमा पनि शिक्षा प्रदान गर्न आवश्यक रहेको सदस्य कार्कीले जानकारी दिनुभयो । संस्थाको उन्नयन र श्रीवृद्धिका कार्यक्रम अघि बढाउने सिलसिलामा प्रतिष्ठानले संयुक्त राष्ट्रसङ्घ, विश्व श्रम सङ्गठन र एशियाली विकास बैंकसँग पनि साझेदारी गर्ने सोच बनाएको छ । संस्थालाई युग सुहाउँदो गतिशील तुल्याउन छरितो संरचनासहितको छुट्टै ऐन र गुरुयोजनाअनुरुपका पूर्वाधार निर्माण गर्न आवश्यक बजेटको पहलका लागि प्रतिष्ठानले सङ्घीय संसद्समक्ष आग्रह गरेको छ ।

# पार्टी ह्विप उलङ्घन गर्नेलाई कारवाही : समानान्तर गतिविधिमा संलग्नलाई फर्कन आग्रह

काठमाडौं, १० वैशाख (रासस) ।

सत्तारुढ नेकपा (एमाले)को शुक्रबार सम्पन्न दशौं राष्ट्रिय महाधिवेशन आयोजक कमिटीको दोस्रो बैठकले कर्णाली प्रदेशसभामा पार्टीको ह्विप उल्लङ्घन गरी नेकपा ( माओवादी केन्द्र) का मुख्यमन्त्री महेन्द्रबहादुर शाहीलाई विश्वासको मत दिने चार प्रदेशसभा सदस्यलाई पार्टी सदस्य र प्रदेशसभा सदस्य नरहने गरी कारवाही गरेको छ । प्रधानमन्त्री निवास बालुवाटारमा पार्टी अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओलीका अध्यक्षतामा भएको बैठकले प्रदेशसभासद् प्रकाश ज्वाला, अमरबहादुर थापा, नन्दसिंह बुढा र कुर्मराज शाहीलाई निष्काशन गरेको पार्टीका प्रवक्ता प्रदीपकुमार ज्ञवालीले जानकारी दिनुभयो । निजहरु प्रदेशसभा सदस्य नरहेको जानकारी प्रदेशसभालाई जानकारी गराइनेछ ।

बैठकले स्थायी कमिटीमा हेरफेर गरी तत्कालका लागि १९ जनालाई स्थायी कमिटी सदस्य कायम गरेको छ । पार्टीविरोधी गतिविधिमा संलग्न थप नेतालाई सोधिएको स्पष्टीकरण र प्राप्त जवाफबारे पनि बैठकमा छलफल भएको थियो । प्रतिनिधिसभामा रहेका २७ नेतामाथि सोधिएको स्पष्टीकरणबारे अध्ययन गरी निर्णय गर्ने जिम्मेवारी स्थायी कमिटीलाई दिइएको छ । यसअघि निलम्बन गरिएका नेता माधवकुमार नेपाल, भीमबहादुर रावल, घनश्याम भुसाल, सुरेन्द्रप्रसाद पाण्डेलगायतलाई स्थायी कमिटीको सूचीबाट हटाइएको तथा नेकपा( माओवादी केन्द्र)बाट प्रवेश गर्नुभएका रामबहादुर थापालगायतलाई समावेश गरिएको छ । समानान्तर गतिविधिमा रहेका नेताहरु फर्किएमा जिम्मेवारी दिइने भएको छ ।

बैठकले केन्द्रीय कमिटीका सदस्यको कार्यविभाजन गरेको छ । अध्यक्ष ओलीले प्रस्तुत गरेको राजनीतिक प्रतिवेदन र महासचिव ईश्वर पोखरेलले प्रस्तुत गरेको साङ्गठनिक प्रतिवेदनमाथि प्राप्त सुझाव ग्रहण गरी एकीकृतरुप दिइएको छ । बैठकले समसामयिक विषयमा ११ बुँदे प्रस्ताव पारित गरेको छ । ती प्रस्तावमा पार्टीमा समानान्तर गतिविधि रोकेर पार्टी एकताको मूल प्रवाहमा फर्कन आग्रह गर्दै जनप्रतिनिधिलाई उम्मेदारी दिने पार्टी र आफूलाई मत दिने जनताको सम्मान गर्न आग्रह गरेको छ । मूल प्रवाहमा फर्कने नेता - कार्यकर्तालाई सम्मानका साथ उचित जिम्मेवारी दिइने प्रवक्ता ज्ञवालीले जानकारी दिनुभयो । उहाँले पार्टी एकता र आन्दोलनको रक्षाका लागि वार्ता र सहमतिको पहल भइरहेकाले थप नेतालाई कडा कारबाही गर्नु नपरोस् भन्ने आफूहरुको चाहना रहेको स्पष्ट गर्नुभयो । अध्यक्ष ओली र नेता नेपालसँगको पछिल्लो वार्ताबारे सोधिएका प्रश्नमा नेता ज्ञवालीले अध्यक्षका तर्फबाट पहल जारी रहेको र अर्का पक्षबाट पनि त्यस्तै सकारात्मक र एकताको पहलको अपेक्षा गरिएको बताउनुभयो ।

बैठकले कोभिड-१९ को रोकथाममा जुट्न सबैमा तथा उपनिर्वाचनको तयारीका लागि तयार रहन कार्यकर्तालाई आग्रह गरेको छ । यस्तै सरकार र नेत्रविक्रम चन्द नेतृत्वको नेकपासँगको सहमतिलाई स्वागत गर्दै शान्ति र विकासतर्फको यात्रा आरम्भका लागि नेपाल सरकारलाई धन्यवाद दिइएको छ ।

# भूकम्पको ६ वर्षमा बन्यो धरहरा

काठमाडौँ, १० वैशाख (रासस)।

छ वर्ष अघि गोरखाको बारपाक केन्द्रविन्दु भएको भूकम्पले राजधानीको सुन्धारामा रहेको धरहरा गल्र्याम गुर्लुम ढल्यो। शनिबारको दिन भएकाले धेरै मानिस धरहरा चढ्न त्यस वरपर जम्मा भएका थिए। कति त माथि नै थिए। तीमध्ये ६० जनाले जीवन गुमाए। सयौँ मानिस घाइते भए। उपत्यकाको एक महत्वपूर्ण ऐतिहासिकस्थल भूकम्पले भत्किएपछि पुनःनिर्माण गर्न छ वर्ष लाग्यो। छ वर्षमा भत्किएको धरहरा यथावत् राखी नजिकै अर्को धरहरा बनेको छ।

विसं २०७४ कात्तिक २७ गते मन्त्रिपरिषद् बैठकले धरहरा पुनःनिर्माणको जिम्मेवारी राष्ट्रिय पुनर्निर्माण प्राधिकरणलाई दिने निर्णय गरेको थियो। विसं. २०७५ असोज १४ गते प्राधिकरणले धरहरा पुनःनिर्माण शुरु गरेको थियो। पहिलोपटक प्रधानमन्त्री बन्नुभएका बेला २०७२ फागुन ४ गते केपी शर्मा ओलीले 'मेरो धरहरा मैँ बनाउँछु' अभियान शुरु गर्नुभएको थियो।

भूकम्पले भत्किएपछि धरहरा क्षेत्र विस्तार भएको छ। अब धरहरा क्षेत्र ४२ रोपनी क्षेत्रफलमा फैलिने भएको छ। यस क्षेत्रमा एउटा अर्धभूमिगतसहित चार तल्ले भूकम्प र टक्सारसम्बन्धी सङ्ग्रहालय निर्माण भइरहेको छ। यहाँ 'फूड कोर्ट' सहितको 'युटिलिटी ब्लक' पनि बन्ने प्राधिकरणले जनाएको छ। धरहरा क्षेत्रमा विश्रामस्थलसहितको अत्यन्तै मनमोहक बगैँचा तथा सङ्गीतमय फोहरासमेत बन्नेछ। जसले आन्तरिक एवं बाह्य पर्यटकलाई यहाँ आकर्षित गर्नेछ।

धरहराको निर्माण सकिए पनि त्यस क्षेत्रमा निर्माण हुने अन्य संरचनाको काम भइरहेको प्राधिकरणका सचिव मणिराम गेलालले जानकारी दिनुभयो। धरहराको शनिबार बिहान ११:०० बजे प्रधानमन्त्री ओलीले उद्घाटन गर्ने कार्यक्रम रहेको जानकारी पनि उहाँले दिनुभयो।

धरहरा क्षेत्रमा तीनतल्ले भूमिगत पार्किङको व्यवस्था गरिने छ। जहाँ ४०० गाडी र ७०० मोटरसाइकल पार्किङ गर्न सकिने छ। भीमसेन थापाले विसं १८८२ मा बनाएको धरहरा (भीमसेन स्तम्भ) लाई सिसाले छोपेर संरक्षण गरी राखिएको छ। धरहरा क्षेत्रमा रहेको ऐतिहासिक सुन्धाराको पनि संरक्षण हुन लागेको छ। सुन्धारामा २४सै घण्टा पानी आउने व्यवस्था मिलाउन लागिएको छ। धरहरा र सङ्ग्रहालय जोड्ने आकर्षक आकाशे पुल पनि निर्माण गरिने योजना रहेको सचिव गेलालले सुनाउनुभयो।

**धरहराका विशेषता**

धरहरा बाहिरबाट हेर्दा ११ तलाको देखिए पनि भित्र जमिनमुनि दुई तलाको भूमिगत संरचना रहने छ। जमिनमाथि भुइँतल्लासहित २३ तला हुनेछ। समग्रमा धरहरा २५ तलाको हुने प्राधिकरणका सहप्रवक्ता मनोहर घिमिरेले बताउनुभयो। धरहरासहित यस क्षेत्रमा निर्माण हुने संरचनाको कूल लागत रु तीन अर्ब ४८ करोड रहेको जानकारी पनि उहाँले दिनुभयो।

जमिनमाथिबाट गजुरसहित धरहराको उचाइ ८३.८५ मिटर छ। भूमिगत तलासहित ९२.२५ मिटर हुन्छ। धरहराभित्र दुई लिफ्ट राखिएको छ। लिफ्टमा एक पटकमा १० जनाले यात्रा गर्न सक्ने छन्। लिफ्टका कारण वृद्धवृद्धा तथा अपाङ्गता भएकालाई धरहरा चढ्न सहज हुनेछ। धरहरामा फलामको भऱ्याङसमेत जडान गरिएको छ।

धरहराबाट उपत्यकाको दृश्यावलोकनका लागि २०औँ तला बाहिर २.५ मिटर चौडाइको बार्दलीसमेत बनाइएको छ। बाइसौँ तलामा पुरानो धरहराबाट झिकी सुरक्षित राखिएको शिवलिङ्ग स्थापना गरिएको छ। धरहरामुनिको दुईतले भूमिगत संरचनामा दुईवटा 'विद्युतीय स्वचालित भऱ्याङ' बाट तलमाथि गर्न सकिने गरी संरचना तयार पारिएको छ।

**धरहराको इतिहास**

विसं. १८८२ मा महारानी ललिता त्रिपुरासुन्दरीको आज्ञामा नेपालका पहिलो प्रधानमन्त्री भीमसेन थापाले ६१.८८ मिटर अग्लो ११ तल्ले धरहरा बनाउन लगाउनुभएको इतिहास छ। विसं. १९१३ मा बज्र (चट्याङ) ले भत्केपछि विसं १९२३ मा धरहराको जीर्णोद्धार गरिएको थियो।

विसं. १९९० माघ २ गतेको भूकम्पले भत्किएको धरहरा दुई वर्षपछि तत्कालीन प्रधानमन्त्री जुद्धशमशेरको शासनकालमा पुनःनिर्माण गरिएको थियो। पुनःनिर्माणका क्रममा ११ तले धरहरालाई नौ तलामा सीमित गरिएको थियो।

यो धरहराभन्दाअघि विसं. १८८१ मा थापाले नै लगनटोलमा आफ्नो नाममा धरहरा निर्माण गर्नुभएको थियो। त्यसको नाम पनि भीमसेन स्तम्भ नै राखिएको थियो। विसं १८९० मा भत्किएपछि लगनटोलको धरहरा पुनःनिर्माण नभएको ऐतिहासिक दस्तावेजमा उल्लेख गरिएको छ।


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आबश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोबर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**

**मोबाईल नं. ९८५२८२०९३५**


## विश्व समाचार

# भारतमा २४ घण्टायता ३ लाख ३२ हजारभन्दा बढी संक्रमित

नयाँ दिल्ली, १० वैशाख (रासस/सिन्ह्वा)।

भारतमा कोरोना भाइरसको सङ्क्रमण झनै तीव्र बनेको देखिएको छ। यहाँका स्वास्थ्य क्षेत्रका अधिकारीहरुले दिएका समाचारहरुमा यो सङ्क्रमणका कारण यहाँ मृत्यु हुने र नयाँ सङ्क्रमणको दरमा नयाँ रेकर्ड देखिएको छ।

शुक्रबार बिहान सार्वजनिक गरिएको एक तथ्याङ्कमा यहाँ गएको २४ घण्टायता मात्र थप तीन लाख ३२ हजारभन्दा बढी नागरिक यसका सङ्क्रमित भेटिएका छन्। यो सङ्ख्या भारतमा अहिलेसम्ममा एकै दिन देखिएको सङ्क्रमणको सबैभन्दा ठूलो सङ्ख्या भएको बताइएको छ।

त्यसैगरी यहाँ गएको २४ घण्टायता दुई हजार २६३ जनाको ज्यान गएको छ। यसरी कोरोना भाइरसको सङ्क्रमणकै कारण भारतमा २४ घण्टामा भएको यो मृत्यु सबैभन्दा बढी हो।

यसरी भारतमा अहिलेसम्ममा यो सङ्क्रमणबाट एक करोड ६२ लाखभन्दा बढी व्यक्ति सङ्क्रमित हुन पुगेका बताइएको छ। त्यसैगरी भारतमा यो सङ्क्रमणबाट मात्र एक लाख ८६ हजारभन्दा बढी व्यक्तिको निधन भइसकेको छ।

भारतमा यसअघि तीन लाखभन्दा केही बढी सङ्क्रमित एकै दिन भेटिएका थिए। तर बिहीबार भने तीन लाख ३२ हजारभन्दा बढी नागरिक यसका सङ्क्रमित भेटिएका हुन्।

कोरोना महामारी शुरु भएयता विश्वमा भएका सङ्क्रमणको तुलनामा यो ठूलो सङ्ख्या भएको सरकारी तथ्याङ्कले जानकारी दिएको छ। यद्यपि संयुक्त राज्यमा अमेरिका गत जनवरीमा एकै दिनमा तीन लाखभन्दा बढी व्यक्ति सङ्क्रमित भएका थिए।

भारतमा गत जनवरी १६ बाट कोरोना भाइरसविरुद्ध खोप अभियान शुरु भएको थियो सो समयबाट अहिलेसम्म भारतमा १३ करोड ५४ लाख ७८ हजारभन्दा बढी व्यक्तिले खोप लगाएका छन्। कोरोना भाइरसको महामारी फैलिने क्रम एकातिर चलिरहेको छ भने अर्कोतर्फ कोरोनाभाइरस विरुद्धको खोप चलाउने क्रम पनि चलिनै रहेको छ।

भारतमा अहिले कोभिसिल्ड, कोभ्याक्सिन र स्पुट्निक भी गरी तीन प्रकारका खोपको प्रयोग भइरहेको सरकारी निकायले जनाएका छन्। रुसले विकास गरेको स्पुट्निक भी भने यही अप्रिल १२ देखि मात्रै लगाउन थालिएको अधिकारीले जानकारी दिएका छन्।

भारतमा बिहीबार मात्रै १७ लाख ४० हजार ५५० जनाको कोरोना परीक्षण गरिएको भारतीय स्वास्थ्य अनुसन्धान परिषद्ले जनाएको छ। अप्रिल २२ सम्म कूल २७ करोड ४४ लाख ४५ हजारभन्दा बढीले कोरोना परीक्षण गरिसकेको पनि परिषद्ले उल्लेख गरेको छ।

भारतको राष्ट्रिय राजधानी दिल्ली सबभन्दा धेरै कोरोना प्रभावित राज्यका रुपमा रहेको छ। दिल्लीमा कोरोना शुरु भएपछि हालसम्म कोरोना सङ्क्रमणबाट १२ हजार ६४० भन्दा बढी व्यक्तिको मृत्यु भइसकेको छ।

# भारतमा चुनावी सभामा प्रतिबन्ध

नयाँ दिल्ली, १० वैशाख (रासस/एएफपी)।

कोरोनाभाइरसको सङ्क्रमण व्यापक रूपमा बढिरहेको भारतमा निर्वाचन आयोगले चुनावी ऱ्याली र सभा आयोजना गर्न रोक लगाएको समाचार छ।

पछिल्ला हप्ताहरूमा कोरोनाभाइरसको सङ्क्रमण ह्वात्तै बढ्नुमा कतिपय राज्यहरूमा भइरहेका भीडभाडपूर्ण चुनावी अभियानलाई समेत जिम्मेवार ठानिएका यस अवस्थामा निर्वाचन आयोगले प्रतिबन्धात्मक कदम चालेको हो।

भारतका राज्यहरूमा यो वर्ष शृङ्गलाबद्ध चुनाव हुँदैछ। निर्वाचन आयोगले चुनावी अभियानका क्रममा कैयौँ पार्टी र उम्मेदवारहरूले स्वास्थ्य सुरक्षाका मापदण्ड पालना नगरेको जनाएको छ।

देश सङ्क्रमणको कठोर मारमा परेका देखिएका बेला भइरहेका त्यस्ता गतिविधिलाई लिएर प्रधानमन्त्रीको समेत चर्को आलोचना भइरहेको छ।

# साङ्घाईको एक कारखानामा आगलागीमा आठको मृत्यु

साङ्घाई, १० वैशाख (रासस/सिन्ह्वा)।

साङ्घाईमा एक कारखानामा बिहीबार लागेको आगलागीमा परी दुईजना अग्नि नियन्त्रकसहित आठ व्यक्तिको मृत्यु भएको स्थानीय अधिकारीहरुले शुक्रबार पुष्टि गरेका छन्।

विशेषगरी इलेक्ट्रोनिक सामान उत्पादन गर्ने यस कारखानामा स्थानीय समयानुसार बिहीबार दिउँसो १:३० बजे आगलागी शुरु भएको बताइएको छ।

स्थानीय समयानुसार शुक्रबार बिहान ६:२० बजे आगो निभाएको जिल्ला सरकारको सूचना कार्यालयले जनाएको छ। यस आगलागीमा परेर ज्यान गुमाएका आठ व्यक्तिको शव भेटिएको बताइएको छ।

वरपरको वातावरण र पानी प्रदूषित नभएको प्रारम्भिक छानबिनले सुझाव समितिले बताएको जनाइएको छ। आगलागीको कारणका बारेमा थप अनुसन्धान भइरहेको पनि अधिकारीहरुले जानकारी दिएका छन्।

# जग्गा विवादमा घाइते भएका बुवालाई न्याय दिलाउन छोराको आग्रह



**दैनिक समाचारदाता**
**राजविराज, १० बैशाख ।**

जग्गा विवादमा कुटपिटबाट घाईते भएका सप्तरीको विष्णुपुर गाउँपालिका ३ का धनेश्वर प्रसाद साहलाई न्याय दिलाउन आग्रह गरिएको छ ।

सो घटनामा घाइते भएका साहको विगत तीन दिनदेखी गजेन्द्र नारायण सिह अस्पतालमा उपचार गराईरहेका छन् । उनको टाउकोमा सात वटा टाँका लागेको छ ।

पीडितका छोरा जिवछ साहले धारिलो हतियारले आक्रमण गरी घाईते बनाउनेहरुलाई प्रहरीले कुनै कारवाही नगरेको गुनासो गरेका छन् ।

शुक्रवार सदरमुकाम राजविराज आईपुगेका जिवछले न्यायका लागी पहल गरिदिन संचारकर्मीहरुलाई आग्रह गरेका छन् ।

उनका अनुसार गत बुधवार जग्गा विवादको विषयलाई लिएर गाँउकै एक पक्षले बुवालाई गम्भीर घाईते बनाएका थिए । घटनामा संलग्नहरु बारे प्रहरीमा लिखित जानकारी गराउँदा पनि दोषि उपर कुनै कारवाही हुन नसकेको उनको गुनासो छ ।

उनले वडाअध्यक्ष रामेश्वर यादवले दोषीलाई जोगाउन खोजेको आरोप समेत लगाएका छन् । यसबारे वडा अध्यक्ष यादवसंग जिज्ञासा राख्दा उनले आफु दोषि उम्काउने कुनै खेलमा नलागेको र आफुमाथी लगाइएको आरोप निराधार रहेको दाबी गरेका छन् ।

सडक विस्तारको क्रममा दुई पक्षबीच विवादको क्रममा साह सामान्य घाईते भएको र विपक्षीलाई दुखः दिन अस्पतालमै वसेको उनको दाबी छ ।

पीडित पक्षलाई क्षतीपुर्ती दिलाउन आफु तयार रहेपनि साह पक्ष तयार नहुदा समस्या भएको र समाधानका लागी प्रयासरत रहेको उनको भनाई छ ।

यता डिएसपि माधव प्रसाद काफ्लेले घट्नाबारे अनुसन्धान भईरहेको र दोषिलाई नछाडिने बताएका छन् ।

## पन्द्र दिनका लागि उडान सेवा बन्द

**दैनिक समाचारदाता**
**राजविराज, १० बैशाख ।**

राजविराज विमानस्थलबाट शुक्रवारदेखी १५ दिनसम्मका उडान सेवा बन्द गरिएको छ ।

विमानस्थलको धावनमार्ग स्तरोन्नती कार्यका लागि बैशाख १० गतेदेखि २५ गतेसम्म उडान सेवा बन्द गरिएको विमानस्थल कार्यालयले जनाएको छ ।

सो विमानस्थलबाट दैनिक रुपमा बुद्ध एयरलायन्सले काठमाडौंदेखि राजविराज र राजविराजदेखि काठमाडौंसम्म उडान भर्दै आएको छ ।

बुद्ध एयरलायन्स राजविराजका प्रबन्धक अनिल राजवंशीले धावनमार्ग स्तरोन्नती कार्य सकिएपछि पुनः उडान नियमित हुने जानकारी दिए ।

### *कोरोना माहामारीलाइ ...*

गाउँपालिका, विहिवार राजविराज नगरपालिका र राजगढ गाउँपालिका तथा शुक्रवार अग्निसाईर कृष्णासवरण गाउँपालिकाको कार्य सम्पादन हुनेछ ।

कार्यालयमा सेवा लिन आउँदा मास्कको प्रयोग अनिवार्य गरेको छ भने दुई मिटरको सामाजिक दुरी समेत कायम गरी स्वास्थ्य सम्बन्धी मापदण्डको पालना गर्न सबैलाई अनुरोध गरेको छ ।

# सवारी दुर्घटनामा दुई मोटरसाईकल चालकको मृत्यु

**दैनिक समाचारदाता**
**मोरङ, १० बैशाख ।**

मोरङको छुट्टाछुट्टै स्थानमा शुक्रबार भएको सवारी दुर्घटनामा दुई जना मोटरसाइकल चालकको मृत्यु भएको छ ।

जिल्लाको केराबारी ८ स्थित जंगलमा को.१त. ५८४९ नम्बरको ट्याक्टरले को.३४प. ९०६९ नम्बरको मोटरसाईकललाई ठक्कर दिँदा मोटरसाईकल चालक स्थानिय ५० बर्षीय नरेश कुमार सोडारीको मृत्यु भएको हो ।

दुर्घटनामा गम्भिर घाईते भएका सोडारीलाई उपचारका लागि बिराटनगरस्थित नोवेल अस्पतालमा भर्ना गरिएको तथा उनको सोही अस्पतालमा उपचारकै क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

ट्याक्टर र चालक केराबारी १० का २१ बर्षीय उमेश मल्लिक प्रहरीको नियन्त्रणमा रहेको ईलाका प्रहरी कार्यालय बेलबारीले जनाएको छ ।

त्यस्तै शुक्रबारै मोरङकै सुन्दरहरैचा १० स्थित खोर्साने-केराबारी सडक खण्डको जंगलमा दक्षिण आउदै गरेको को.१ख. ६५४७ नम्बरको टिपरले बिपरित दिशाबाट आएको स.३प. ६३०३ नम्बरको मोटरसाईकललाई ठक्कर दिदा मोटरसाइकल चालकको मृत्यु भएको छ भने अर्का घाइते भएका छन् ।

उक्त दुर्घटनामा गम्भिर घाईते भएका मोटरसाईकल चालक बेलबारी ९ डागिहाट का २६ बर्षीय सुरेश कुमार चौधरीको नोवेल अस्पताल विराटनगरमा उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

मोटरसाईकल पछाडी सवार झापा धरमपुर घर भई बेलबारी ११ लक्ष्मीमार्ग का ३४ बर्षीय रुपेश अधिकारी घाईते भई सोही अस्पतालमा उपचार भईरहेको ईलाका प्रहरी कार्यालय बेलबारीले जनाएको छ ।

टिपर र चालक उर्लाबारी ७ बस्ने ४८ बर्षीय बिर्ख बहादुर धिमाल प्रहरीको नियन्त्रणमा रहेको प्रहरीले जनाएको छ ।

### *स्वास्थ्य मापदण्ड...*

गरिएको संयोजक सिहले बताए

उनले विवाहमा दाईजाको लेनदेन गर्ने चलनलाई निरुत्साहित गर्न र उदाहरणिय विवाहलाई प्रोत्साहन गर्ने उद्देश्यले संस्थाले अग्रसरता देखाएको भन्दै भविष्यमा पनि यस्ता विवाहलाई अझै प्राथमिकताका साथ अघि बढाउने उनले प्रतिबद्धता समेत जनाए ।

यता बेहुला बेहुलीका साथै विवाहका सहभागी सबैले मास्क लगाई कार्यक्रममा सहभागिता जनाएका थिए । विवाहलाई सुरक्षित गराउन उनीहरुको विवाह दर्ता समेत गराई सकिएको संयोजक सिहले जानकारी दिए ।


## सूचना

**नोभल कोरोना भाईरस (कोभिड-१९) रोगको संक्रमणबाट बच्न अत्यावश्यक कामबाहेक सीमावर्ती क्षेत्रमा आवतजावत नगर्नु हुन सम्पूर्ण नेपाली नागरिकहरुलाई सूचित गरिन्छ ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिँदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ । यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो ।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छ्यु गर्दा निस्किने थुक, खकार र सिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन् ।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छ्यु गर्दा मुख छोप्नुपर्छ । मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ । कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं ।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ । यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस ।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस् ।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न निःशुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
ipay remit
City Express Money Transfer
Best Remit Quick & Easy
Prabhu Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** rajbirajdainik@gmail.com, **वेवसाइट :** rajbirajdainik.com.np